नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

फोन नं.: ०१-५३६२३६९, ०१-५९१२९७१

पत्र संख्या:-
च. नं.:-
प्राप्त पत्र संख्या र मिति:-

इमेल: info@dftqc.gov.np
वेभपेज: www.dftqc.gov.np
बबरमहल, काठमाडौं ।

मिति: २०८३/०७/१३

मिठाई व्यवसायीहरुलाई लेवल विवरण उल्लेख गर्ने सम्बन्धी सूचना!

यस विभागद्वारा मिति २०८३/०६/३० गते मिठाई व्यवसायीका लागि सूचना जारी भएको व्यहोरा अवगत नै छ। सो सन्दर्भमा, मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ता हित संरक्षणका लागि उपभोक्ताले उपभोग गर्ने मिठाई लगायतका खाद्य पदार्थको बारेमा सुसूचित गराउन विभिन्न किसिमका मिठाई तयार गरी बिक्री वितरण गर्ने मिठाई व्यवसायीहरुले आफुले उत्पादन गरेको मिठाई कुन कुन मुख्य कच्चा पदार्थ सम्मिश्रण गरी बनाएको, कुन तेल वा घिउमा तयार गरिएको, कुन मितिसम्म उपभोग गरीसक्नु पर्ने र कति मूल्य पर्ने हो सो विवरणहरु मिठाई राख्ने सोकेस वा काउन्टरमा सबै ग्राहकले देख्ने गरी मिति २०८३/०७/११ गते देखी राख्नका लागि होटल, मिठाई पसल, मिठाई भण्डार लगायतका मिठाई व्यवसायीहरुलाई जानकारी गराईएकोमा सो बमोजिम कार्यान्वयन गर्न/गराउन हुन सम्बन्धित मिठाई व्यवसायीहरुलाई पुनः यो सूचना जारी गरिएको छ। विभाग र मातहत कार्यालयहरुबाट नियमित हुने निरिक्षण अनुगमनका क्रममा सो सूचना कार्यान्वयन भएको नपाईएमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ तथा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ।

तयारी मिठाईमा उल्लेख गर्नुपर्ने विवरण

मिठाईको नाम:
मुख्य सम्मिश्रण:
तेल/घिउको प्रकार (नाम):
उपभोग गरिसक्नु पर्ने मिति:
मूल्य (प्रति किलो):

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, नेपाल सरकार, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं